नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 22 No 12 Monthly International Edition of Herald of His Coming December 2021

वर्ष २२, अङ्क १२ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (पुस, २०७८)

परमेश्वरसँग कामदारहरू
(Workers with God)

By David Tryon

कोरिन्थीका विश्वासीहरूलाई पावलले पहिलो पत्र लेख्दा आफू र आफ्ना सहकर्मीहरूलाई "परमेश्वरसँगै काम गर्नेहरू" भनेर सम्बोधन गरेका छन् । "किनकि हामी परमेश्वरका सहकर्मी हौं ... ।" (१ कोरिन्थी ३:९) सबै ख्रीष्टियनहरूलाई एक आपसमा सहकर्मी भनेर सम्बोधन गरिन्छ । हामी परमेश्वरको लागि काम गर्ने जति परमेश्वरसँग काम गर्ने होइनौं । सम्पूर्ण फलदायी इसाई सेवा उहाँसँगको सहकार्यको परिणाम हो । यदि हामीले परमेश्वरसँग प्रभावकारी रूपमा सहकार्य गर्ने हो भने उहाँले कसरी काम गर्नुहुन्थ्यो त्यो जान्नु पर्दथ्यो तर त्यो काम बुझ्न एकदमै कठिन कार्य हो । अन्यथा हामीले उहाँको विरुद्धमा काम गरिरहेका हुन्छौं न कि उहाँसँग ।

मकूर्शको पुस्तकमा मात्र लेखिएको एउटा दृष्टान्तमा येशूले भन्नुभयो जसमा परमेश्वरले काम गर्ने तरिकामा प्रकाश फ्याँकेको छ । परमेश्वरको राज्य "उहाँले भन्नुभयो- परमेश्वरको राज्य यस्तो हो-कुनै एकजना मानिसले जमिनमा बीउ छर्छ र ऊ सुते पनि, जागा रहे पनि रातदिन त्यो बीउचाहिँ टुसाउँछ र बढ्दछ तर त्यो कसरी बढ्छ सो उसले जान्दैन ।" (मर्कूश ४:२६-२७) यहाँ हामी परमेश्वरको कामको बारेमा के कुरा सिक्न सक्दछौं ? हामी तलका बुँदाहरूमा ध्यान दिऊँ ।

परमेश्वरको काम सानो रूपमा सुरु हुन्छ

एउटा बीउ, कति सानो हुन्छ, यसो हेर्दा यो नगण्य जस्तै देखिन्छ । पक्कै पनि कुनै पनि महान् काम त्यो जस्तो सानो कुराबाट सुरु गर्न सकिँदैन । तर पनि परमेश्वरको काम मानिसले जमिनमा बीउ हालेझैं एकदमै सानो रूपमा सुरु हुन्छ । जसरी मानिसले बीउलाई जमिनमा रोपझैं J.B. Phillips ले लेख्नुहुन्छ "धेरै विश्वासीहरू वरपरको संसारको स्तर र विधिहरूबाट उनीहरूलाई थाहा भएभन्दा बढी प्रभावित हुन्छन् । यी दिनहरूमा जहाँ शक्ति, र आकार, र गति लगभग विश्वव्यापी रूपमा प्रशंसा गरिन्छ । उहाँले आफ्नो अव्यवस्थित संसारलाई पुनर्निर्माण गर्ने आफ्नो विशाल कार्य सुरु गर्नुहुँदा सानोबाट सुरु हुने काम परमेश्वरको कामजोरी भयो कि भन्ने लाग्न सक्छ ढिलो हुँदैन र जस्तो लाग्छ सक्छ तर त्यस्तो कहिल्यै हुँदैन । उहाँ आफ्नो काममा कहिल्यै पनि ढिलो गर्नु हुन्न । उहाँले यो अनाज्ञाकारी पुस्तामा सानो बीउजस्तै आगोको फिलिङ्गोजस्तै काम गर्दे हुनुहुन्छ ।" ठूलो बीउ र ज्वालाले परमेश्वरको कामलाई वा उहाँको शक्तिलाई अपाङ्ग बनाउन सक्दछ । परमेश्वरको राज्य भनेको मानिसले जमिनमा टाइम बम हालेजस्तो होइन उहाँको काम त बीउबाट सुरु हुन्छ ।

परमेश्वरको काम लुकिएको हुन्छ

परमेश्वरको काम जमिनभित्र लुकिएको हुन्छ । बीउलाई हामीले देख्न सक्दैनौं । जमिनमुनि के हुन्छ हामी देख्न सक्दैनौं । हो, बी उम्रन समय लागेझैं

परमेश्वरको काम पनि देखिन धेरै लामो समय लाग्न सक्छ । परमेश्वरले आफ्ना कामहरू लुकाएर राख्नुहुन्छ । त्यसैले परमेश्वरको काम गर्ने मानिस विश्वासयोग्य हुनु पर्दछ । यहाँ विश्वास भनेको जमिनमुनि केही काम हुँदैछ, परमेश्वर जमिन हुनुहुन्छ उहाँभित्र गरिने हरेक काम माटो मुनि हुन्छ तर हामीले देख्न सक्दैनौं भनेको हो । खेतमा काम गर्ने व्यक्तिले बीउ उम्रने आशामा जमिन हेर्दै बस्दै गर्छ । जमिनको सम्बन्ध कामदारसँग हुन्छ बीउसँग हुँदैन । परमेश्वर र कामदारको सम्बन्ध त्यस्तै हुन्छ । कामदार र जमिनको सम्बन्ध टाढा हुन सक्दैन । परमेश्वरका सबै असल कार्यकर्ता हुनुहुन्छ विश्वासका मानिसहरू हुन् ।" (हिब्रू ११:२७) "तिनीकहाँ जानुपर्ने थियो त्यतै विश्वासमा हिँडे ।" (हिब्रू ११:८) जसरी बीउ उम्रिन्छ त्यसलाई हेर्न एकदमै गाह्रो हुन्छ त्यसरी नै परमेश्वरको आफूलाई मानिसहरूको बिचमा एकदमै सूक्ष्म काममात्र देखाउनुहुन्छ । सस्तो बीउले जसरी ठूलो भविष्य बोकेको हुन्छ, त्यसरी नै परमेश्वरको काम हुन्छ । तपाईंको सानो विश्वासले ठूलो काम अवश्य हुन्छ ।

परमेश्वरको काम विस्तारै हुन्छ

याकूबको पुस्तकले यस विषयमा यसरी भन्दछ, "यसकारण भाइ हो, प्रभुको आगमन नहोउन्जेल धैर्यधारण गर । हेर भूमिको बहुमूल्य फसलको आशा राखेर किसानले अघिल्लो र पछिल्ला वर्षा नहोउन्जेल धैर्यधारण गरेर पर्खिरहन्छ, तिमीहरूले पनि धैर्यधारण गर (याकूब ५ : ७ : ८) हामी परमेश्वरसँग काम गर्ने हो भने धैर्यता लिनु पर्दछ । हरेक कामलाई विस्तारै गर्ने बानी पानु पर्दछ । परमेश्वरको वा सँग काम गर्दा हतार-हतार गर्नु हुँदैन । उहाँले विस्तारै र अनन्तकालसम्म तपाईंसँग काम गर्न चाहनुहुन्छ । उहाँको नजरमा एक हजार वर्ष हिजोजस्तै हुन्छ । उहाँले आफ्नो समय तालिकाअनुार काम गर्नुहुन्छ । उहाँलाई धैर्यका परमेश्वर मानिन्छ । (रोमी १५:५)

यस संसारमा खीष्टको आगमन कहिले होला ? विचार गरौं त एक शताब्दी कि अरू कुनै यस बारेमा सोच्नुहोस् त ! जसजसले धैर्यतासाथ उहाँलाई पर्खन्छन् अवश्य तिनीहरूले उहाँको आगमनलाई देख्नेछन् । उहाँले आफ्नो मुकुटको दिनको लागि लामो धैर्यतासाथ पर्खिनुभएको छ । पावलले भन्दछन् "प्रभुले तिमीहरूका हृदयलाई परमेश्वरको प्रेम खीष्टको धैर्यतिर डोऱ्याउन् ।" (२ थेसलोनिकी ३ : ५)

"उहाँलाई कसरी थाहा छैन ।" हामीले गर्न कामहरूले उहाँको कामलाई कति कम मात्रामा बुझ्न सक्दछौं । उहाँलाई सबै कुरा थाहा छ भन्ने कुरा हामी कतिपटक बिर्सन्छौं । हाम्रो आफ्नै विचारहरू छन् । तिनीहरूलाई राख्ने उहाँलाई बनाउन प्रयास गर्नुहोस् । यी कति कुराहरू हामीले त बिर्सन्छौं, हिजो बोलेको आज बिर्सन्छौं हामीले । तर यो विषयमा हामीले धेरै नम्र हुन आवश्यक छ । हाम्रो मानवीय सोच-विचारहरू भन्दा उहाँका विचारहरू कति महान् छन् । हामीले उहाँको सार्वभौमिकतामा झुक्नु पर्दछ । हामी उहाँको शिक्षामा समर्पित हुनुपर्दछ । उहाँको ज्योति र मार्ग दर्शनमा आफूलाई सधैं उहाँसँग सोध्नु पर्दछ । अन्यथा हाम्रो सीमित मानवीय समझ र विधिहरूद्वारा परमेश्वरको विशाल बुद्धि र रहस्यमय मार्गहरूको विरद्धमा खडा भइरहेका हुन्छौं ।

J.B. Phillips ले भन्नुहुन्छ, "अरू मानिसहरूले भन्दा बढ्ता मैले परमेश्वरको मार्ग बुझेको छु भनी ढोँगी कुरा म गर्न चाहन्न तर यो कुरा निश्चित हो कि परमेश्वरले के गर्नुहुन्छ र परमेश्वपरले के गर्नुहुन्न भनेर अध्ययन गर्नु पक्कै पनि उपयुक्त र समझदार हुनुपर्दछ । उहाँले यस संसारको थोत्रो कपडाजस्तो काम नलाग्ने वस्तुलाई प्रयोगमा ल्याउन चाहनुहुन्छ । हामीले परमेश्वरले के गर्नुपर्छ भनेर सोच्नुभन्दा उहाँले गर्नुहुन्छ भन्ने विचारतिर आफूलाई लैजानु पर्दछ ।" परमेश्वरलाई हामीले न्याय गर्न सक्दैनौं । परमेश्वरको व्याख्या उहाँ आफैंले गर्नुहुन्छ । उहाँ काम गर्न सक्नुहुने परमेश्वर होइन, काम गर्नुहुने परमेश्वर हुनुहुन्छ । परमेश्वरले आफ्नो व्याख्या आफैं गर्नुहुन्छ, हामी उहाँको कामको रहस्यको अगाडि हामी नम्रतापूर्वक नतमस्तक बनौं ।

परमेश्वरको काम पक्का हुन्छ

बीउ उम्रनु, बढ्नु र हुर्कनु पर्दछ । त्यस्तै परमेश्वरको काम हाम्रो जीवनमा

नियमित बाइबल पढ्ने बानी बसाऔं

निश्चित रूपमा बढुनुपर्दछ । चाहे त्यो छिट्टै होस् वा ढिला । उहाँसँग काम गर्नेहरूले आशाले भरिएको हृदयले परिश्रम गर्न सक्छन् । अनि निसन्देह रूपमा जुन बीउबाट धेरै फलहरू फल्छन्, यो वचन यहाँ पूरा हुन्छ "जो रुँदा-रुँदै बीउ बोकेर छर्न जान्छ, त्यो फसलका बिटाहरू बोकेर आनन्दले गीता गाउँदै फर्कनेछ ।" (भजनसङ्ग्रह १२६:६)

प्राकृतिक दृष्टिकोणबाट हेर्ने हो भने फसलको क्रियाकलाप कतिपटक असफल पनि हुन सक्छ किनभने बीउ ठिक ठाउँमा नपरेको हुन सक्छ । तर आत्मिक क्षेत्रमा हेर्ने हो भने त्यो कहिल्यै असफल हुँदैन । किनभने परमेश्वरको काम पक्का छ ।

"आओ हामी परमप्रभुलाई मानौं, हामी परमप्रभुलाई मान्नका निम्ति प्रयत्न गरौं । उहाँको आगमन सूर्योदयभैं निश्चित छ । उहाँ हामीकहाँ वर्षाको झरी जमिनलाई भिजाउने आखिरी वर्षाझैं आउनुहुनेछ ।" (होशे ६ : ३)

"जसरी वृष्टि र हिउँ आकाशबाट झर्छ र त्यतैतिर फर्केर जाँदैन, तर जमिनलाई भिजाएर बाली उमार्छ, र छर्नेहरूलाई बीउ र खानेलाई भोजन दिन्छ, त्यसरी नै मेरो मुखबाट निस्कने मेरो वचन पनि हुनेछ । त्यो म कहाँ व्यर्थै फर्कने छैन, तर मैले इच्छा गरेको काम त्यसले पूरा गर्नेछ, र जुन कामको निम्ति म त्यसलाई पठाउँछु, त्यसमा त्यो सफल हुनेछ ।" (यशैया ५५ : १०,११)

(Overcomer Trust को अनुमतिद्वारा प्रयोग गरिएको ।

overcomertrust.org.uk

खीष्टका आज्ञाहरू दाबी गर्दै आफ्ना छोराछोरीको निम्ति प्रार्थना

Praying the Commands of Christ Over Your Children

By Kim Butts

Vol. 74 No. 10 (886)

आजका नानीहरू निरन्तर हाम्रो आत्माको शत्रुद्वारा आक्रमणमा परिरहेका हुन्छन् । हाम्रा छोराछोरीहरूको हृदय र सोचाइलाई टिभी र आधुनिक उपकरणहरूले राज गरेका छन् । परमेश्वर को हुनुहुन्छ र सत्यता के हो भन्ने कुराबाट उनीहरू पर लगिएका छन् । हामी संसारमा छौं तर संसारका होइनौं भन्ने कुरा हाम्रा छोराछोरीहरूलाई बुझाउनु पर्दछ । हामी खीष्ट जस्तै हुनुपर्छ र संसारमा हुँदा उहाँले जीउनु भएको जस्तै जीवन जीउनु पर्छ भन्ने कुरा उनीहरूले जान्नु आवश्यक छ । हाम्रो हृदयलाई कसरी पितातर्फ फर्काउने भन्ने कुरा पनि बुझ्नुपर्छ । प्रार्थनाद्वारा नै सबै कुरा सम्भव हुन्छ । हामीले आफ्ना छोराछोरीहरूलाई परमेश्वरसँग हिँड्दै आफ्नो दैनिकी जीवन जीउन सिकाउनुपर्छ । परमेश्वरको इच्छा र योजना हाम्रा छोराछोरीहरूको जीवनमा पूरा होस् भन्ने हामी चाहन्छौं अनि शैतानका सबै कार्यहरू विफल भएको हामी चाहना गर्दछौं ।

परमेश्वर पितासँग कुरा गर्ने र उहाँको इच्छाको बारेमा बुझ्ने एक शक्तिशाली हतियार भनेको प्रार्थनासँगै उहाँको वचन अध्ययन गर्नु हो । हाम्रो जीवनलाई परमेश्वर स्वयंले तालिम दिनुहुन्छ । परामर्श उहाँ आफैले दिनुहुन्छ । परमेश्वरको इच्छाको खोजी गर्न हामीले तुरुन्तै बाइबल निकालेर पढ्न थाल्न सक्छौं । हाम्रो लागि त्यो सजिलो उपाय हो । बाइबलका प्रतिज्ञाहरूलाई दाबी गर्दै प्रार्थना गर्नु एकदम शक्तिशाली र प्रभावकारी हुन्छ । परमेश्वर को हुनुहुन्छ भनेर उहाँको बारेमा जान्नलाई बाइबल अध्ययन गर्नैपर्छ । हामीले प्रार्थनामा धेरै समय बिताउनुपर्छ । जब हामीले हाम्रा छोराछोरीहरूको निम्ति प्रार्थना गर्दछौं तब उनीहरूको जीवनमा परमेश्वरले आफ्नो अचम्मको काम गर्नुहुन्छ । हामीले सोच्दै नसोचेका कुराहरू उहाँले हाम्रा छोराछोरीहरूको जीवनमा पूरा गर्नुहुन्छ । उनीहरू परमेश्वरको प्रेममा अझै अघि बढेको हामीले देख्नेछौं ।

तल, मैले छोराछोरीहरूको लागि प्रार्थना कसरी गर्ने भनेर केही प्रार्थनाका तरिकाहरू बताएको छु । यसले उनीहरूलाई खीष्टको आज्ञाको बारेमा सिक्न सहयोग गर्दछ । अनि सत्यता के हो भन्ने कुरा उनीहरूले बुझ्न सक्छन् । जसै तपाईले खीष्टका आज्ञाहरूलाई दाबी गर्दै आफ्ना छोराछोरीहरू, नातानातिनाहरू वा अरू नानीहरूको निम्ति प्रार्थना गर्नुहुन्छ तब आत्मिकी रूपमा उनीहरूको बुद्धि भएको तपाईंले देख्नुहुनेछ । उनीहरू परमेश्वरको सत्यतामा हिँड्दै उहाँको राज्यको बारेमा अझै बुझ्ने तृष्णा गर्नेछन् । परमेश्वरले तपाईं र तपाईंका छोराछोरीहरूलाई आफ्नो मार्ग देखाउन चाहनुहुन्छ र दिनदिनै सिकाउन चाहनुहुन्छ । उहाँको कानुनद्वारा हामी परिवर्तिन हुन सक्छौ । "यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र

परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक" (रोमी १२ : २)। हामीले हाम्रो बलले आफ्ना छोराछोरीलाई परिवर्तन गर्न सक्दैनौं तर प्रार्थनाद्वारा मात्र उनीहरूमा परिवर्तन आउँदछ।

परमेश्वरलाई प्रेम गर र अरूलाई प्रेम गर

"तिनीहरूमध्ये एक जना व्यवस्थाका अध्यापकले उहाँको परीक्षा गर्ने विचारले उहाँलाई सोधे, "गुरुज्यू, व्यवस्थामा महान् आज्ञा कुन हो ?" उहाँले तिनलाई भन्नुभयो, "तैँले परमप्रभु आफ्नो परमेश्वरलाई आफ्नो सारा हृदयले, र, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले प्रेम गर्नू।" महान् र प्रथम आज्ञा यही हो। दोस्रो पनि त्यस्तै छ, "तैँले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू।" सारा व्यवस्था र अगववक्ताहरूका शिक्षाको आधार नै यी दुई आज्ञाहरू हुन्" (मत्ती २२ : ३५ - ४०)।

तपाईंको प्रार्थना : पिता, मेरा छोराछोरीहरूलाई आफ्नो सारा हृदयले तपाईंलाई प्रेम गर्न सिकाउनुहोस्। आफ्नो सारा प्राणले र सारा समझले तपाईंको खोजी गर्न सिकाउनुहोस्। तपाईंका नजिकतामा उनीहरूलाई डोऱ्याउनुहोस् ताकि उनीहरूले तपाईंलाई पूर्णतामा चिन्न सकुन्। सांसारिक थोकहरूबाट उनीहरूको हृदयलाई टाढा राख्नुहोस्। उनीहरूको मनलाई सुरक्षा दिनुहोस्। दु:खी, कमजोर, गरिबहरूलाई देखेर उनीहरूको हृदय दयाले भरियोस्। तपाईंको जस्तै प्रेमले पूर्ण हृदय उनीहरूमा हालिदिनुहोस्। आफ्नो राष्ट्रको निम्ति रुँदै अन्तरविन्ती गर्ने छोराछोरी बनाउनुहोस्। जागृतिको निम्ति प्रार्थना गर्ने योद्धा बन्न सहायता गर्नुहोस्। अरू मानिसहरूलाई तपाईंको प्रेम देखाउने र अरूलाई सहायता गर्ने हृदय तपाईंले दिनुहोस।

मानिस रोटीले मात्र जीवित रहँदैन

"येशूले जवाफ दिनुभयो, लेखिएको छ, 'मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केका हरेक वचनले जीवित रहँदछ'" (मत्ती ४ : ४)

तपाईंको प्रार्थना : प्रभु येशू, तृष्ण नमेटिने कुराहरू खान मेरा छोराछोरीहरूलाई सजिलो हुन्छ। उनीहरूलाई तपाईंको मुखबाट निस्केका हरेक वचनलाई ध्यानसँग सुन्न र त्यस अनुसार जीउन सहायता गर्नुहोस्। तपाईंको सत्यताको तृष्णा उनीहरूलाई दिनुहोस्। उनीहरूलाई तपाईंको नजिकतामा डोऱ्याउनुहोस् र उनीहरूको हृदयलाई खोलिदिनुहोस् ताकि उनीहरू तपाईंको वचनलाई बुझ्न सकुन्। सांसारिक थोकहरूले उनीहरूलाई धोका दिन नपाएको होस्। उनीहरूको हृदयलाई तपाईंको पवित्र आत्माले भर्नुहोस् ताकि उनीहरूले आज्ञाकारी जीवन जीउन सकेका हुन्।

आफ्नो निम्ति पृथ्वीमा धनसम्पत्ति नथुपार

"आफ्नो निम्ति पृथ्वीमा धनसम्पत्ति नथुपार, जहाँ कीरा र खियाले ती नष्ट पार्छन् र जहाँ चोरहरूले घर फोरेर ती चोर्छन्। तर आफ्ना निम्ति स्वर्गमा धनसम्पत्ति थुपार, जहाँ कीराले वा खियाले नष्ट पार्दैन र चोरले पनि चोर्दैन। किनकि जहाँ तिम्रो धन हुन्छ, त्यहीं तिम्रो मन पनि हुन्छ" (मत्ती ६ : १९ - २१)।

तपाईंको प्रार्थना : पिता, संसारका चम्किला र सुन्दर थोकहरूप्रति आकर्षित हुन कति सजिलो छ- अहिलेका उपकरणहरू, नाम चलेका विभिन्न थोकहरू, सबैले हाम्रो मनलाई लोभ्याइरहेका हुन्छन्। मेरा छोराछोरीलाई सहायता गर्नुहोस् ताकि उनीहरूले सांसारिक थोकहरूबाट आफ्नो मनलाई टाढा राख्न सकेका हुन्। संसारका थोकहरूतर्फ होइन तर ईश्वरीय थोकहरूतिर आफ्नो ध्यान लगाउन सकेका हुन्। उनीहरूलाई शक्ति दिनुहोस्। उनीहरूले गर्ने हरेक काम तपाईंमा रहेर, तपाईंको महिमाको निम्ति गर्न सकेका हुन्।

आफ्नो क्रूस बोक

"जुन व्यक्ति आफ्नो क्रूस बोकेर मेरो पछि लाग्दैन, त्यो मेरो चेला हुन सक्दैन" (लूका १४ : २७)।

तपाईं प्रार्थना : पवित्र आत्मा, खराब कुराहरूबाट कसरी टाढा बस्ने हो भनेर मेरा छोराछोरीलाई सिकाउनुहोस्। स्वर्गीय कुराहरूतर्फ ध्यान दिन उनीहरूलाई सहायता गर्नुहोस्। उनीहरूलाई नयाँ शक्तिले भर्नुहोस् ताकि संसारसँग लडेर खीष्टको असल चेला भएर जीउन सकेका हुन्। तपाईंको इच्छा र योजना अनुसार हिँड्ने छोराछोरी बनाउनुहोस। अरू सबै थोकहरूलाई भन्दा तपाईंलाई उनीहरूले उच्च स्थानमा राख्न सकेका हुन्। तपाईंको आवाज सुन्ने छोराछोरी बनाउनुहोस्। तपाईंको यो आवाज उनीहरूले सुन्न सकेका हुन्, "बाटो यही हो, यसैमा हिँड" (यशैया ३० : २१)। संसारको सजिलो बाटोहरूलाई होइन तर तपाईंको मार्ग हेर्नलाई सिकाउनुहोस्। आफ्ना साथीहरूलाई बुद्धिमानी तरिकाले छान्नलाई सहायता गर्नुहोस्। एउटाले

अर्कोलाई प्रेम र असल कामको निम्ति उत्साहित गराउँदै अघि बढ्न उनीहरूलाई सहायता गर्नुहोस् ।

महा रहो

"ममा रहो, र म तिमीहरूमा रहन्छु । जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौं भने तिमीहरूले पनि सक्दैनौं । (यूहन्ना १५ : ४) ।

तपाईंको प्रार्थना : प्रभु येशू, साँचो दाखको बोट तपाईं हुनुहुन्छ । मेरा छोराछोरीहरूलाई एउटा असल हाँगा भएर तपाईंमा रहन सहायता गर्नुहोस् । तपाईंमा नरहेसम्म आफैले फल फलाउन सकिँदैन भन्ने कुराको ज्ञान उनीहरूलाई दिनुहोस् । प्रत्येक दिन तपाईंको झन् नजिक हुनलाई सहायता गर्नुहोस् । आफ्नो ज्ञान र बलमा होइन तर तपाईंमा रहेर प्रत्येक पल अघि बढ्न उनीहरूलाई सहायता गर्नुहोस् । तपाईंको शक्तिद्वारा उनीहरूको जीवन बित्न सकेको होस् । एक असल साक्षी हुन उनीहरूलाई सहायता गर्नुहोस् । आनन्दसाथ तपाईंमा रहिरहेर असल फलहरू फलाउन सकेका हुन् ।

तिम्रो शत्रुलाई प्रेम गर र प्रार्थना गर

"तिमीहरूले यसो भनेको सुनेका छौं, 'तिम्रो छिमेकीलाई प्रेम गर, र तिम्रो शत्रुलाई घृणा गर ।' तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर, र तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ । उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ" (मत्ती ५ : ४३ - ४५) । "तर तिमी सुन्नेहरूलाई म भन्दछु, आफ्ना शत्रुलाई प्रेम गर, र घृणा गर्नेहरूलाई भलाई गर, सराप्नेहरूलाई आशीर्वाद देओ, दूर्व्यवहार गर्नेहरूका निम्ति प्रार्थना गर" (लूका ६ : २७ -२८)

तपाईंको प्रार्थना : प्यारो पिता, यो उमेरमा रिसाउन धेरै सजिलो हुन्छ । सबै कुराभन्दा श्रेष्ठ प्रेम हो भन्ने कुरा धेरै पटक मेरा छोराछोरीहरू बिर्सन्छन् । शैतानले उनीहरूको हृदयमा रिस र दुष्टता भरिदिन नपाएको होस् । उनीहरूलाई दयाले पूर्ण हृदय दिनुहोस् । उनीहरूको मनमा बदला लिन कुराहरू आउन नपाएको होस् । खीष्टमा जस्तो दया र प्रेमको मन थियो, उनीहरूमा पनि त्यस्तै मन हालिदिनुहोस् । उनीहरूको खराबी सोच्नेहरूप्रति पनि तपाईं कृपालु हुनुहोस् । एक असल इसाई जीवन बिताउनलाई उनीहरूलाई सहायता गर्नुहोस् ताकि उनीहरूको जीवन देखेर उनीहरूका शत्रुहरू पनि छक्क परुन् र तपाईंको प्रेमलाई चाख्न सकुन् । तपाईंको असिम प्रेमले उनीहरूलाई भर्नुहोस् ताकि उनीहरूको जीवनबाट त्यो प्रेम बगेर अरूहरूले पनि चाख्न पाउन् । अरूको निम्ति सधैँ प्रार्थना गर्ने एक बलियो योद्धा उनीहरूलाई बनाउनुहोस् । उनीहरूको हृदयलाई अनुग्रह र दयाले भर्नुहोस् ताकि खीष्टले संसारप्रति देखाउनु भएको दया उनीहरूले अरू मानिसहरूलाई देखाउन सकेका हुन् ।

तिमीहरूको ज्योति चम्कोस्

"तिमीहरू संसारका ज्योति हौ । डाँडामा बसालिएको सहर लुक्न सक्दैन । मानिसहरूले बत्ती बालेर पाथीले त छोप्दैनन्, तर सामदानमा राख्दछन्, र घरमा हुने सबैको निम्ति त्यसले उज्यालो दिन्छ । यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस् र तिनीहरूले तिनीहरूका सुकर्म देखुन् र स्वर्गमा हुनुहुने तिमीहरूको पिताको महिमा गरुन्" (मत्ती ५ : १४ - १६) ।

तपाईंको प्रार्थना : संसारको ज्योति, मेरा छोराछोरीको जीवनमा चम्कनुहोस् । उनीहरूको हृदयलाई तपाईंको ज्योतिले भर्नुहोस् ताकि अरूहरूको निम्ति उनीहरूको जीवन एक डाँडामा बसालिएको सहर जस्तै होस् । उनीहरूलाई देखेर मानिसहरूले खीष्टको ज्योतिलाई देख्न सकुन् । उनीहरूको जीवनबाट अन्धकारका सबै शक्तिहरू हटेर गएका हुन् । उनीहरूको जीवनलाई परिवर्तित गर्नुहोस् । उनीहरू संसारका अन्धकारबाट तपाईंको ज्योतितर्फ आउन सकुन् । उनीहरूले गरेका सबै कुराहरू तपाईंमा भएर गर्न सकेका हुन् । तपाईंको इच्छाको खोजी गर्ने र तपाईंको आवाज सुन्ने छोराछोरीहरू बनाउनुहोस् । आफू एक ईसाई हुँ भन्न उनीहरू कहिल्यै नडराउनन् । अरूलाई आशा र उत्साह दिने जीवन जीउन उनीहरूलाई सहायता गर्नुहोस् । उनीहरूको जीवनबाट तपाईंको नाउँलाई महिमा र आदर मिलोस् ।

बाइबलमा खण्डहरूलाई लिएर कसरी प्रार्थना गर्ने भन्ने देख्नुभयो ? जसै तपाईंले बाइबलका पदहरूलाई दाबी गर्दै प्रार्थना गर्नुहुन्छ, तब पवित्र आत्माले तपाईंको प्रार्थना सुन्नुहुनेछ र तपाईंका छोराछोरीहरूका जीवनमा अचम्मका कामहरू भएको तपाईंले देख्न सक्नुहुन्छ ।

जसै तपाईंले खीष्टको नाम लिँदै प्रार्थना गर्नुहुन्छ, सोच्दै नसोचेका कामहरू भएको तपाईंले महसुस गर्नुहुनेछ ।

तयार रहनुहोस् ! माथि उल्लेखिन कुराहरू कुनै सूत्रहरू होइनन्, तर परमेश्वरको इच्छा अनुसार बाइबलबाट पढ्दै प्रार्थना गर्नुहोस् । आफ्नो हृदय फटाएर प्रार्थना गर्नुहोस् र परमेश्वरले आफ्नो जागृति पठाउनुहुनेछ । जब हामी इमान्दार भएर आफ्ना छोराछोरीका निम्ति प्रार्थना गर्छौं तब उहाँले हाम्रो पुकार अवश्य सुन्नुहुनेछ । एकदिनमै सबै असल हुन्छ भन्ने होइन तर परमेश्वरको प्रतिक्षा गर्नुहोस् । हरेक दिन, हप्ता, महिना, वर्ष प्रार्थनामा समय बिताउनुहोस् । उहाँले अवश्य काम गर्नुहुनेछ । उहाँले हामीलाई आशिष दिने प्रतिज्ञा गर्नुभएको छ । "... जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ" (एफिसी ३ : २०)

मुक्तिका पाइला

'पश्चाताप गर्नुस् कि तपाईं पापी हुनुहुन्छ, पापले मृत्यु ल्याउँछ किनकि सबैले पाप गरेका छन र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्' (रोमी ३ : २३) 'किनकि पापको ज्याला मृत्यु हो तर परमेश्वरको सित्तैमा वरदान खीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।' (रोमी ६ : २३) दु:खले तपाईंलाई पापबाट परमेश्वरसँग पश्चाताप गर्ने बनाउँदछ । '

दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस् र परमप्रभुतिर फर्कोस् र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ । हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस् र उहाँले यसलाई सित्तैमा क्षमा गर्नुहुनेछ ।' (यशैया ४४ : ७) विश्वास गर्नु 'किनभने मैले जे पाएँ त्यसलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार खीष्ट हाम्रा पाको निम्ति मर्नुभयो । उहाँ गाडिनुभयो र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो ।' (१ कोरिन्थी १५ : ३४) येशूलाई मुक्तिदाता भनेर विश्वास गर्नुहोस्, उहाँमा पश्चाताप गर्नुहोस् ।

'किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुले स्वीकार गऱ्यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ ।' (रोमी १० : ९) तब पत्रुसले तिनीहरूलाई भने, 'पश्चाताप गर र तिमीहरूका पाप क्षमाको निम्ति येशू खीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ किनकि प्रतिज्ञा तिमीहरूका निम्ति तिमीहरूका सन्तानहरूका निम्ति र टाढाटाढा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रो परमेश्वरले बोलाउनु हुन्छ ।

... तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए ... । (प्रेरित २ : ३८ - ४१) HHC, Vol 67 No. 9 (801)

अन्तर्राष्ट्रिय प्रार्थनाका विषयहरू

- इराकमा परमेश्वरको काम अझै प्रभावशाली हुन सकोस् र त्यहाँको साङ्ले प्रार्थनाले निरन्तरता दिन सकोस् भनी प्रार्थना गरौं ।
- युरोपमा फेरि हामीले प्रचारकहरू पठाउनुपर्ने चुनौती आएको छ । संसारका धेरै देशहरूले यो काम सुरु गरिसकेका छन् । आउनुहोस् हामी पनि सहभागी बनौं ।
- प्यालेस्टाइनमा भएका यहुदीहरू र खीष्टियनहरू एकतामा आउन सकुन् र साँचो परमेश्वरको सत्यतालाई बुझ्न सकुन् यही प्रार्थना गरौं ।
- संयुक्त राष्ट्र संघका नेताहरूका लागि प्रार्थना गरौं । जोहरूले संसारमा शान्ति स्थापना गर्न सकुन् ।
- युगाण्डामा शान्ति स्थापना हुन सकोस् साथै त्यहाँ परमेश्वरको महान् काम हुन सकोस् भनी प्रार्थना गरौं ।
- संसारमा कति जातिहरू छन् जसको आफ्नो भाषामा बाइबल छैन । हामीमध्ये कति जनाको आफ्नै भाषामा बाइबल अनुवाद भएको छैन भने अब हामी प्रार्थना गर्न ढिला नगरौं ।
- संसारभरि कति ठाउँहरूमा सुसमाचारको खातिर प्रचारकहरूले दु:ख भोगिरहेका छन् तिनीहरूको बीचमा सेवकाई गर्ने व्यक्तिहरूको लागि प्रार्थना गरौं ।



कृष्ण नेपाली (आमोस) लिखित

प्रार्थनाको सामर्थ्य

पुस्तक ख्रीष्टियन पुस्तक पसलहरुमा उपलब्ध छ
खोजी खोज पढौं ।



प्रार्थना गरौं

- राष्ट्रिय ख्रीष्टियन महासंघ सबै ख्रीष्टियनको हक-हितको लागि लगातार काममा लाग्न सकोस् ।
- देशभरिका ख्रीष्टियनहरुका बीचमा एकता आइरहोस् ।
- विश्वभर फैलिएको कोरोना (कोभिड १९) महामारीबाट संसारले चाँडै मुक्ति प्राप्त गरेको होस् ।
  साथै हालै देखिएको कोरोनाको ओमिक्रोन भेरिएन्टबाट प्रभावित संसारभरिका मानव समुदायका निम्ति प्रार्थना गरौं ।
- अन्याय, अपराध, अपहरण, हत्या, चोरी, डकैती, व्यभिचारजस्ता सामाजिक अपराधहरु रोकिन सकोस् ।
- प्रवासी नेपालीहरुको बीचमा सुसमाचार कार्य र मण्डली वृद्धि हुन सकोस् ।
- अन्धकारको शक्ति र तिनका दुष्टकार्य, योजनाहरु, किल्लाहरु आदिको विरुद्धमा प्रार्थना गर्ने । (एफिसी ६ : १२)
- निकट भविष्यमा हुन गइरहेको निर्वाचन शान्तिपूर्ण सम्पन्न हुन सकोस् ।

हार्दिक शुभकामना

हाम्रा मुक्तिदाता प्रभु येशू ख्रीष्टको शुभ जन्मोत्सव (ख्रीष्टमस) साथै नव वर्ष २०२२ को सुखद अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनी तथा नेपालका सम्पूर्ण मण्डली परिवारमा उत्तरोत्तर प्रगति, सुख, शान्ति एवं सुस्वास्थ्यको शुभकामना व्यक्त गर्दै सबैमा शान्ति, प्रेम, विश्वास र एकता लागि परमेश्वरसँग प्रार्थना गर्दछौं ।

नेपाल ख्रीष्टियन हेराल्ड परिवार

तथा

प्रेरणा मण्डली परिवार

ठमेल, काठमाडौं

विशेष धन्यवाद

पा. माधव पौडेल, रुची पौडेल, प्रभात पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।

स्थानीय वितरक

रमेश बिडारी तथा हेराल्ड इन्टरनेसनल अफिस दक्षिण कोरिया, एस्तर कुमाल, टोकियो, जापान, इस्माइल लेप्चा, दार्जीलिङ, भारत, केदार तामाङ, मलेसिया, पावल राई, बहराइन,काठमाडौं, हेराल्ड अफिस, नयाँ बजार, काठमाडौं ।

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 01- 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta